# निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौंको

## नवनिर्मित भवनको भूई तला र पहिलो तला वहालमा दिने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान

(प्रथम पटक प्रकाशित मिति २०७८।०५।२९ )

१. कोषको काठमाडौं महानगरपालिका वडा नं. ५ टंगाल स्थित भवनको भूईतला र पहिलो तला कार्यालय प्रयोजनको लागि वहालमा लिन इच्छुक संगठित संस्थाबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

| सि.नं. | विवरण | क्षेत्रफल | कोषले तोकेको न्यूनतम मासिक वहालदर |
|---|---|---|---|
| १ | भुई तल्ला | १७३२.३६ वर्ग फिट | रु. ७५,०००।- |
| २ | पहिलो तल्ला | २५३९.३६ वर्गफिट | रु. १,१०,०००।- |

२. इच्छुक संस्थाले दरवारमार्ग, काठमाडौं स्थित सिटिजन्स बैंकमा रहेको निक्षेप तथा कर्जा सुरक्षण कोषको चल्ति खाता नं. ००१०१००००२५८८२०१ मा रु. १,०००।- (फिर्ता नहुने) बुझाएको सक्कल प्रति भौचर र लिखित निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन अर्थात मिति २०७८।०७।०१ गते दिनको १२:०० बजेभित्र निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यालय प्रशासन विभागबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन्।

३. बोलपत्रदाताले कोषबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ३५औं दिनसम्म अर्थात मिति २०७८।०७।०१ गते कार्यालय समयभित्र निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यलय, प्रशासन विभागमा बुझाई सक्नु पर्नेछ। तोकिएको मिति र समय पश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन।

४. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन अर्थात मिति २०७८।०७।०२ गते दिनको ३ बजे बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहबरमा निक्षेप तथा कर्जा सुरक्षण कोष केन्द्रीय कार्यालयमा खोलिनेछ।

५. बोलपत्र जमानत वापत आफूले कबोल गरेको मासिक भाडादरको ५ वर्षको जम्मा भाडा रकमले हुने ३ प्रतिशत रकम दरवारमार्ग, काठमाडौं स्थित सिटिजन्स बैंकमा रहेको निक्षेप तथा कर्जा सुरक्षण कोषको चल्ति खाता नं. ००१०१००००२५८८२०१ मा सम्बन्धित बोलपत्रदाताकै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै वाणिज्य बैंकले कोषको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा नब्बे दिन म्याद कायम रहेको शर्त रहितको बैंक ग्यारेण्टीको सक्कल प्रति बोलपत्रसाथ संलग्न हुनु पर्नेछ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

७. एकजना बोलपत्रदाताले भूईतला वा पहिलो तला कार्यालय प्रयोजनको आफ्नो इच्छा अनुसार बोलपत्र पेश गर्न सक्नेछ। यसका लागि अलग अलग बोलपत्र खरिद गर्न आवश्यक पर्ने छैन।

८. बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अगावै स्थलगत अवलोकन गर्न चाहेमा फोन नं. ०१-४४२१२४१ मा सम्पर्क गरी कार्यालय समयमा अवलोकन गर्न सक्नेछन्।

९. बोलपत्रदाताले पेश गरेको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने/आंशिक स्वीकृत गर्ने जस्ता सम्पूर्ण अधिकार कोषमा निहीत रहनेछ।

१०. बोलपत्रको आधारभूत पक्षको बोलपत्र प्रस्ताव र वित्तीय पक्षको बोलपत्र प्रस्तावलाई छुट्टछुट्टै खाममा खामबन्दी गरी उक्त खामलाई पुनः एउटै खाममा बाहिर **"कोषको टंगाल स्थित भवनको ........ तला वहालमा लिने सम्बन्धी बोलपत्र"** भनी प्रष्ट लेखी बोलपत्र जमानत साथै आवश्यक कागजातहरु समेत संलग्न गरी सिलबन्दी प्रस्ताव रीतपूर्वक कोषमा बुझाउनु पर्नेछ।

११. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न रहेको अनुसूची-७ मा उल्लिखित निर्देशन बमोजिमको कागजातमा उल्लेख रहेको छ। थप जानकारी आवश्यक भएमा कोषको फोन नं. ०१-४४२१२४१ मा सम्पर्क गर्न सकिनेछ।

१२. वहाल सम्झौता ५ वर्षको लागि हुनेछ। प्रत्येक २ वर्षमा अन्तिम वहाल रकममा १० प्रतिशतका दरले वहाल रकम वृद्धि हुनेछ।

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

टंगाल, काठमाण्डौ

फोन नं. ०१-४४१०६५९, ४४२१२४१

इमेलः info@dcgf.gov.np